# सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक स्वास्थ्य उपचार कोष सञ्चालन (तेस्रो संशोधन) कार्यविधि,२०७९

कार्यापालिकाबाट स्वीकृत मिति: २०७९/०८/१६ गते

प्रस्तावना: सूर्योदय नगरपालिकाको “अतिविपन्न नागरिक स्वास्थ्य उपचार कोष सञ्चालन कार्यविधि,२०७७” लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ –(१)  यो कार्यविधिको नाम सूर्योदय नगरपालिकाको “अतिविपन्न नागरिक स्वास्थ्य उपचार कोष सञ्चालन कार्यविधि (तेस्रो संशोधन),२०७९” हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “मूल कार्यविधि” भन्नाले “अतिविपन्न नागरिक स्वास्थ्य उपचार कोष सञ्चालन कार्यविधि ,२०७७” लाई जनाउनेछ।

३. दफा ३ को उपदफा (घ) पछि देहाय वमोजिमको उपदफा (ङ) थप गरिएको छ।

(ङ)स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी “मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका,क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउँने सम्बन्धी कार्यविधि,२०७८” बमोजिम मासिक पाँच हजार औषधी उपचार खर्च प्राप्त गर्ने लाभग्राहीहरुलाई यस कार्यविधि वमोजिमको सुविधा उपलब्ध गराईने छैन।